# नेपाली व्याकरण परम्परामा वीरेन्द्र केसरीको व्याकरण, चन्द्रिका र उत्तरवर्ती विकास

[१] **प्रा.डा. हेमाङ्ग राज अधिकारी**
hemang_adhi@yahoo.com
उपाध्यक्ष, क्याम्पस सञ्चालक समिति
काठमाडौँ शिक्षा क्याम्पस

Received: October 1, 2024
Revised: October 28, 2024
Accepted: November 27, 2024,
Published: December 25, 2024
DOI: https://doi.org/10.3126/sss.v24i1.75384

**शोधसार**

यस लेखमा स्वदेशी नेपाली व्याकरणकारका प्रमुख व्याकरणमा देखिएका विभिन्न धारहरुको ऐतिहासिक दृष्टिले चर्चा गर्ने उद्देश्य राखिएको छ । त्यसैले यो अध्ययन मुख्यतः पुस्तकालयीय अध्ययनमा आधारित छ । यसमा उपलब्ध अभिलेख तथा कृतिहरुको पुनरावलोकन र व्याकरणगत तथ्यहरुको ऐतिहासिक तथा तुलनात्मक समीक्षा विधि अँगालिएको छ । साथै यस लेखकको नेपाली भाषा तथा व्याकरण सम्बन्धी लामो अध्ययन, अनुसन्धान र व्याकरण लेखनको अनुभवजन्य प्रतिविम्बनले समेत विश्लेषणलाई सघाएको छ । नेपाली व्याकरणको पहिलो चरण अङ्ग्रेजी व्याकरणको परम्परागत ढाँचामा विदेशी विद्वान्हरुको प्रयासबाट अगाडि बढेको देखिन्छ । यो क्रम सन् १८२० मा जे.ए.एटनबाट सुरु भएको हो तर यस लेखमा स्वदेशी नेपाली मातृभाषी व्याकरणकारहरुले लेखेका व्याकरण सम्बन्धी चिन्तनलाई विशेष महत्त्वका साथ उठान गर्ने प्रयास भएको छ । यस दृष्टिले हेर्दा नेपाली व्याकरण लेखनको दोस्रो चरणमा पर्ने स्वदेशी विद्वान्हरुमा वीरेन्द्र केसरी अर्ज्याल र जयपृथ्वी बहादुर सिंह उल्लेख्य छन् । परम्परागत संस्कृत व्याकरणको धार अन्तर्गत यिनले व्याकरण लेखेको देखिन्छ । तेस्रो चरणमा अङ्ग्रेजी र संस्कृतको परम्परागत मिश्रित धार देखिन्छ । यस्तो मिश्रित धारका व्याकरणहरुमा चन्द्रिका, मध्यचन्द्रिका र सो ढाँचामा लेखिएका उत्तरवर्ती व्याकरण पर्दछन् । चौथो चरणमा आधुनिक भाषा वैज्ञानिक धार अन्तर्गत व्याकरण लेखनको प्रारम्भ भएको देखिन्छ । यस्तो धारको उठान मोहनराज शर्माको शब्दरचना र वर्णविन्यास (२०३६) बाट भएको हो । यसमा मुख्यतः शब्दरचना खण्डमा भाषा वैज्ञानिक पद्धतिको उपयोग गरिएको छ । वर्णविन्यास खण्डमा भने परम्परागत धारमा केही सुधार मात्र भएको देखिन्छ । यस धार अन्तर्गत लेखिएको बृहत् व्याकरण चाहिँ समसामयिक नेपाली व्याकरण (२०४९) लाई मानिन्छ । यसरी यस लेखमा वीरेन्द्र केसरीबाट अगाडि बढेको व्याकरण चिन्तन पछिल्ला चरणमा अङ्ग्रेजी र संस्कृतको परम्परागत मिश्रित धारबाट कसरी आधुनिक व्याकरणको धारमा प्रवेश गऱ्यो, त्यसको पृष्ठभूमिको सविस्तार व्याख्याका साथै सम्बन्धित प्रमुख व्याकरणहरुको कालक्रमिक तथा तुलनात्मक विवेचन प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी**

ऐतिहासिकता, उत्तरवर्ती विकास, संस्कृत व्याकरणको धार, अङ्ग्रेजी र संस्कृत व्याकरणको मिश्रित धार, आधुनिक भाषा वैज्ञानिक धार, वर्णनात्मक भाषा विज्ञान, व्याकर्तव्य भाषा, लोकभाषा ।

## पृष्ठभूमि

त्रिभुवन विश्व विद्यालय खुलेपछि नेपाली भाषाको पठन पाठन पनि क्रमशः स्नातकोत्तर तहमा बढोत्तरी भयो । यसमा ऐतिहासिक भाषा विज्ञानका साथै क्रमशः आधुनिक भाषा विज्ञानको पनि पढाइ प्रारम्भ भयो । पहिले रामराज पन्त र पछि बालकृष्ण पोखरेलले यो विषय पढाउन थाले । पन्तको नेपाली भाषा विज्ञान (२०३६) प्रकाशित छ । पोखरेलको नेपाली भाषा र साहित्य (२०२१), पाँच सय वर्ष (२०२१) राष्ट्रभाषा उल्लेख्य ग्रन्थ हुन् । नेपालीमा एम.ए. गरेका विद्यार्थी प्रतिवर्ष बढ्न थाले । चूडामणि बन्धुको विसं. २०२६ मा नै नेपाली भाषाको उत्पत्ति र पछि भाषा विज्ञान (२०३०) प्रकाशित भयो । नयाँ शिक्षा योजना (२०२८) लागु भएपछि तत्कालीन त्रिभुवन विश्व विद्यालय विसं. २०३० देखि यो विभिन्न अध्ययन संस्थान तथा सङ्कायका रूपमा पुनःसङ्गठित तथा विस्तारित भयो । त्यस वेलाको नयाँ पाठ्यक्रम निर्माण, संशोधन तथा परिमार्जन र पठनपाठनमा नवीन पद्धति कार्यान्वयन गर्ने गतिविधि अगाडि बढाइए । नेपाली भाषाको पठन पाठनमा पनि सुधारको हुटहुटी बढेको वेला २०३१ मा भारतको पुना विश्व विद्यालयबाट आधुनिक वर्णनात्मक भाषा विज्ञानका आधारमा नेपाली भाषामा पिएचडी उपाधि प्राप्त गरेर बल्लभ मणि दाहाल विश्व विद्यालयको अध्यापनमा फर्केका थिए । यसै वर्ष त्रिवि. पाठ्यक्रम विकास केन्द्र अन्तर्गत विभिन्न अध्ययन संस्थान तथा सङ्कायमा पढाइने साझा विषयका रूपमा अनिवार्य नेपाली विषय समितिको गठन भयो र यसको नेतृत्व डा. बल्लभ मणि दाहालले गरे । यस समिति मार्फत २०३४ मा पहिलो पटक नेपाली पढाउने शिक्षकहरुको पहिलो राष्ट्रिय अधिवेशन सम्पन्न भयो । उल्लिखित पृष्ठभूमिमा नेपाली व्याकरणको ऐतिहासिकता र यसको आधुनिकतालाई केलाउने प्रयास गरिन्छ ।

## सम्बन्धित कृतिको पुनरावलोकन

भाषा विज्ञान र नेपाली भाषामा शर्मा र बराल (२०५२ : ११८-११९) ले नेपाली व्याकरणको ऐतिहासिकताबारे उल्लेख गर्दै त्यस वेलासम्म प्रकाशित व्याकरणहरुको छोटो सूची दिएका छन् । त्यसपछि शर्मा (२०५६) ले नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षणमा विदेशी तथा स्वदेशीहरुले लेखेका व्याकरणहरुको परिचयात्मक विवरण प्रस्तुत गरेको पाइन्छ । त्यसमा उनले तुलनात्मक विवेचन भने गरेको देखिँदैन । ढुङ्गेल (२०६६ : ४४-४८) ले नेपाली व्याकरणको काल विभाजन यसरी गरेका छन् :

- पृष्ठभूमि काल (सन् १७७१-१८१९) : नेपाली भाषा र व्याकरण सम्बन्धी पाश्चात्य विद्वान्हरुको चासो
- निर्माण काल वा एटन काल (सन् १८१९-१९११) : पाश्चात्य विद्वान्हरुबाट नेपाली व्याकरण लेखन र प्रयोग
- विकास काल वा हेमराज काल (सन् १९१२-१९१८) : नेपाली विद्वान्हरुबाट व्याकरण लेखन र प्रयोग

- सङ्क्रमण काल वा सोमनाथ काल (विसं. १९७६-२०४८) : शैक्षिक व्याकरणका रूपमा नेपाली व्याकरणको प्रयोग
- आधुनिक काल वा हेमाङ्गराज काल (विसं. २०४९- हालसम्म) : वर्णनात्मक शैलीमा नेपाली व्याकरण लेखन र प्रयोग ढुङ्गेलले उनको लेखमा प्रत्येक कालका व्याकरणगत विशेषताहरुको समेत संक्षिप्त चर्चा गरेका छन् । यस्तै आचार्य (२०७५) ले नेपाली व्याकरणको विकास क्रमिक अनुशीलनमा पम्परागत र आधुनिक नेपाली व्याकरणहरुको स्पष्ट रेखाङ्कन गर्दै उनले आधुनिक नेपाली व्याकरणको पृष्ठभूमि र विशेषतालाई वस्तुगत रूपमा सोदाहरण चर्चा गरेका छन् । यस क्रममा मोहन राज शर्माको शब्द रचना र वर्ण विन्यास (२०३६) र हेमाङ्ग राज अधिकारीको समसामयिक नेपाली व्याकरण (२०४९) र माधव प्रसाद पोखरेलको वाक्य व्याकरण (२०५४) का विशेषताहरुको कृतिगत चर्चा गरेको पाइन्छ । उल्लिखित अध्ययनले नेपाली व्याकरणको पृष्ठभूमि तथा परम्पराको जानकारी र आधुनिक प्रवत्तिको विवरण मिले पनि विशेषतः नेपाली मातृभाषी व्याकरणकारहरुले व्याकरण निर्माणका क्रममा नेपाली भाषाको व्याकर्तव्य (वर्णनीय) भाषाका विषयमा उठेका प्रश्नहरुबारे यसको ऐतिहासिकता र आफ्नै मातृभाषा नेपालीको धरातलप्रति इमानदारी नदेखाएको विषयमा कमै विवेचना भएकाले त्यस पक्षलाई पनि खुलस्त पार्ने र आधुनिक व्याकरण लेखनमा देखिएको फराकिलो फड्कोलाई अझ प्रकाश पार्नु औचित्यपूर्ण हुने ठानी यो लेख लेख्ने जमर्को गरिएको हो ।

## छलफल तथा विवेचन

ऐतिहासिक आधारमा वीरेन्द्र केसरी अर्ज्यालको नेपाली व्याकरणलाई विवेचनको प्रस्थान विन्दु मानेर क्रमशः पछिल्ला व्याकरणात्मक कृतिहरु र घटना क्रमलाई उपस्थापित गरी विवेच्य विषयको छलफललाई अगाडि बढाइएको छ । यस क्रममा अर्ज्यालको व्याकरण, तत्कालीन सामाजिक राजनीतिक परिप्रेक्ष्य, गोरखा भाषा चन्द्रिका, मध्य चन्द्रिका र तिनको प्रभावमा लेखिएका उत्तरवर्ती व्याकरण, व्याकरण सम्बन्धी फरक चिन्तनका प्रमुख पक्ष, शब्द रचना र वर्ण विन्यास, समसामयिक नेपाली व्याकरण र उत्तरवर्ती विकासबारे तुलनात्मक छलफल तथा विवेचन प्रस्तुत गरिएको छ ।

## वीरेन्द्र केसरी अर्ज्यालको नेपाली व्याकरण

वीरेन्द्र केसरी अर्ज्याल नेपाली भाषाका पहिलो मातृभाषी व्याकरणकार थिए । उनले नेपालीलाई प्राकृत भाषा र यसको व्याकरणलाई प्राकृत व्याकरण भनेका छन् । उनको व्याकरणको पाण्डुलिपि चन्द्रिकाको प्रकाशनभन्दा कम्तीमा एक दशक पहिले नै लेखिएको देखिन्छ । यसको पाण्डुलिपि वाल्मीकि क्याम्पसको पुस्तकालयबाट धेरैपछि प्राप्त भएको थियो (आचार्य : सन् १९८० : १०३) । केही अपूर्ण वा खण्डित रूपमा प्राप्त यो पाण्डुलिपि जयराज आचार्यले Traditional Grammar : English and Nepali : A Study को परिशिष्टमा प्रकाशित गरेका छन् । अर्ज्यालको व्याकरणको अर्को पाण्डुलिपि राष्ट्रिय अभिलेखालयबाट प्राप्त भएको छ । प्रेरणा खरेल (२०५८) का अनुसार यिनका पाण्डुलिपि एकअर्कामा केही भिन्न भए पनि विषय प्रतिपादन र प्रस्तुति हेर्दा लेखक एउटै भएको तर भिन्न समयमा लेखिएको अनुमान हुन्छ । अर्ज्यालले

व्याकरणको मुख्य प्रयोजन शब्दज्ञानलाई मानेका छन् । उनले शब्दको समुदायलाई वाक्य मानेकाले यसमा पद, वाक्य पनि समेटिएको देखिन्छ । यसरी उनले व्याकरणलाई शब्दानुशासन भन्न रुचाएका छन् । संस्कृतमा शब्दानुशासनको अर्थ हुन्छ, शब्दको रूपसिद्धि प्रक्रियाको वर्णन अथवा शब्दको अन्वाख्यान । अनु भनेको पछि र शासन बताउनु वा वर्णन गर्नु अर्थात् लोकमा प्रचलित भाषाको वर्णन भन्ने नै हुन्छ । पतञ्जलिका अनुसार प्रयोग सिद्ध शब्दार्थ सम्बन्धहरुको वर्णन हो व्याकरण । यसको आशय व्याकरण भनेको भाषामा निहित व्यवस्थाको वर्णन भन्ने हुन आउँछ । यस्तो व्याकरणको काम निर्देशात्मक हुँदैन, वर्णनात्मक हुन्छ ।

अर्ज्यालले आफूले लेखेको नेपाली व्याकरणलाई प्राकृत व्याकरण भनेका छन् । यो कुरा मननीय छ । उनले यसो भनेर पूर्वीय व्याकरण परम्परामा प्राकृत भाषा (लोकभाषा) मा व्याकरण लेखिने परम्परासँग नेपाली व्याकरणलाई जोड्न खोजेको स्पष्ट हुन्छ । संस्कृत व्याकरणको निर्माणपछि विद्वान्हरुले प्राकृत भाषाहरुमा पनि व्याकरण निर्माण गर्न थालेका थिए । यस क्रममा पालि, प्राकृत (महाराष्ट्री, शौरसेनी, मागधी आदि) भाषाहरुमा व्याकरण लेखनको लामो परम्परा रहेको देखिन्छ । यस्तो क्रम इस्वीको दोस्रो/तेस्रो शताब्दीदेखि सत्रौँ/अठारौँ शताब्दीसम्म कायम रहेको थियो (शास्त्री, सन् १९८८ : ५१९-५२७) । संस्कृतमा मात्र नभई प्राकृत भाषाहरुमा व्याकरण चिन्तन गर्ने एक किसिमको परम्परा भएकाले नेपाली पनि प्राकृत (जनजिब्रोमा आधारित) विशेषताले परिपूर्ण भाषा भएको हुँदा अर्ज्यालले नेपाली भाषालाई पनि प्राकृत भन्न रुचाएको खुलस्त हुन्छ । यसरी अर्ज्यालको दृष्टिकोण लोकभाषाको पक्षमा रहेको देखिन्छ ।

अर्ज्यालको व्याकरणमा स्वर र व्यञ्जन वर्णका साथै लेखन रीतिको चर्चाका क्रममा उच्चारण र लेखनको भिन्नता औल्याइएको छ । त्यसैले उनले क्ष, ज्ञ वर्ण प्राकृत बोलीमा नपाइने तर लेखाइमा मात्र चाहिने हुन्छन् भनेका छन् । यसबाट कथ्य भाषालाई नै अर्ज्यालले व्याकर्तव्य (वर्णनीय) भाषा मानेको स्पष्ट हुन्छ । शब्दहरुलाई ८ वर्गमा विभाजन गरिएको देखिन्छ : संज्ञा, संज्ञा विशेषण, सर्वनाम, क्रिया, क्रिया विशेषण, उपसर्ग, निपात र कर्म प्रवचनीय । यस बाहेक स्वर प्रक्रियामा लयाघात, बलाघात, स्वस्तिक र द्वित्वलाई (वीप्साका रूपमा) अलग्गै चर्चा गरिएको छ । स्वस्तिकलाई ह्रस्व स्वर दीर्घस्वरित र दीर्घ स्वर प्लुतस्वरित भई उच्चारण हुनुलाई मानिएको छ । अर्ज्यालले नेपाली उच्चारणमा देखिने अर्धह्रस्व (अर्धस्वर) लाई समेत उल्लेख गरेका छन् । उनको व्याकरणमा कारक, विभक्ति र समास प्रक्रियाको पनि सविस्तृत चर्चा पाइन्छ । यसका साथै लिङ्ग, वचनको प्रयोग, स्त्रीलिङ्ग व्युत्पादन र अवधारणार्थक ऐ प्रत्ययबारे पनि केही विस्तारमा चर्चा छ । यति हुँदाहुँदै पनि उनका उक्त दुबै पाण्डुलिपिमा आख्यात (तिङन्त) र कृदन्तको चर्चा भएको अंश भेटिएको छैन । सुन्दरी ( १९६३) मा प्रकाशित बेसरी नामक लेखमा उनले आख्यात र कृदन्तको उल्लेख गरेको हुँदा यो अंश उनले लेखेका तर त्यो गायब भएको आशङ्का हुन्छ ।

अर्ज्यालले व्याकरण विसं. १९४८-१९६२ का बिचमा लेखेको अनुमान गरिन्छ । सुन्दरी (१९६३) मा कविता लेखनमा उपयोगी छन्द, अलङ्कारका साथै केही व्याकरण सम्बन्धी विषय समेटिएको उनको लेखभन्दा पहिले नै उनले व्याकरण लेखेको अनुमान हुन्छ । अर्ज्यालको व्याकरणका आधारमा लेखिएको जयपृथ्वी बहादुर सिंहको व्याकरणमा नाम, आख्यात र अव्ययको उल्लेख छ । यस व्याकरणमा क्रियापदका काल, पक्ष र भावलाई संस्कृतकै ढाँचामा लकारार्थ (लट्, लिट्, लृट्, लोट्, लिङ्, लिङ्) का रूपमा चर्चा गरिएको हुनाले पनि अर्ज्यालले आख्यात (लकारार्थ) बारे चर्चा गरेको अनुमानलाई बल मिल्छ । अर्ज्यालले आफ्नो व्याकरणको नाम प्राकृत व्याकरण राखेका र जयपृथ्वी बहादुर सिंहले विसं. १९६९ मा प्रकाशित गरेको व्याकरणको नाम पनि पर्वतीय प्राकृत रहेको र अर्ज्यालको व्याकरण ढाँचासँग सिंहको व्याकरण निकै

प्रभावित रहेकोबाट पनि उनले अर्ज्याललाई गुरु मानेको स्पष्ट देखिन्छ । अर्ज्यालको व्याकरण उनको जीवन कालमा प्रकाशित नहुनुमा तत्कालीन सामाजिक तथा राजनीतिक शक्ति सन्तुलनमा उनी पछि पर्नु, उनी हलन्त बहिष्कारवादी नहुनु, उनको व्याकरण संस्कृत, प्राकृत, अपभ्रंश भाषाहरुको पूर्वीय व्याकरण परम्परा तथा चिन्तनको ढाँचामा हुनु आदि कारण देखिन्छन् ।

**तत्कालीन सामाजिक राजनीतिक स्थितिमा लेखन, प्रकाशन र व्याकरण निर्माणमा नियन्त्रणको नियत**

नेपाली भाषाको माध्यमिक काल साहित्यिक विकासका दृष्टिले जागरण काल थियो । यसको नेतृत्व मोतीराम भट्टले गरेका थिए । यद्यपि उनलाई शृङ्गारिक साहित्यका उन्नायक मानिन्छ । उनले मोती मण्डली मार्फत यस अभियानलाई अगाडि बढाए पनि साहित्यको माध्यमबाट नेपाली भाषालाई लोकप्रिय बनाउनु उनको ध्येय देखिन्छ । उनकै गतिविधिपछि नेपाली भाषा प्रेसयुगमा प्रवेश गरेको, दार्जिलिङबाट गोर्खे खबर् कागत् र काठमाडौँबाट एकै वर्ष १९५८ मा समाचार पत्र निस्कन थाल्नु र नेपाली भाषाको माध्यमबाट सबैका लागि शिक्षा दिने उद्देश्यले देव शमशेरका पालामा भाषा पाठशाला खोलिनु सामाजिक तथा राजनीतिक जागरणका दृष्टिले महत्त्वपूर्ण घटना थिए । भाषा पाठशाला खोल्ने देव शमशेरको कदममा शिक्षाको माध्यम के हुने भन्ने प्रश्नमा तत्कालीन भारदारहरुका बिच मत भिन्नता देखिएको थियो । यसबारे दिव्यदेव पन्तले संस्कृतलाई शिक्षाको माध्यममा जोड दिएका, दरबार स्कुलका हेड मास्टर बटेकृष्ण मैत्रेयले अङ्ग्रेजी माध्यमको पक्ष लिएका र जयपृथ्वी बहादुर सिंहले नेपाली माध्यमको पक्ष लिएका थिए (ढुङ्गाना : २०२९) । सुरुमा भाषा पाठशालाको माध्यम नेपाली हुने भनिए पनि देव शमशेर सत्ताच्युत भएपछि एकातिर चन्द्र शमशेरले त्यसको कार्यान्वयनमा चासो देखाएनन्, अर्कातिर बनारसबाट सुन्दरी ( १९६३) र माधवी (१९६५) जस्ता साहित्य प्रधान पत्रिका निस्कन थालेपछि उनलाई नेपाली लेखन तथा प्रकाशनको क्षेत्रका गतिविधि आफ्नो नियन्त्रण बाहिर जान लागेको महसुस हुनु स्वाभाविक थियो । त्यसका लागि लेखन तथा प्रकाशनमा एकरूपताको खोजी हुनु पनि आवश्यक थियो । त्यस्तो एकरूपताका लागि व्याकरण र शब्दकोशको अभाव खड्केको अवस्था पनि थियो । सुरुमा राममणि आदीले माधवी पत्रिका मार्फत लेखनमा एकरूपताका लागि अग्रसरता देखाएको पाइन्छ तर उनले एकरूपताका नाममा आफ्नो मातृभाषा नेपालीको प्रकृति तथा यसको मौलिकताप्रति ध्यान नदिई हिन्दी भाषामा त्यस वेला प्रारम्भ भएको हलन्त बहिष्कारको बाटो रोजे । यस्तो गतिविधिले सहज जागरणलाई प्रोत्साहन गर्नुभन्दा लेखन तथा प्रकाशनलाई नियन्त्रण गर्नतिर अभिमुख हुन लागेको कुरा त्यतिखेरका लेखक साहित्यकारहरुको मनमा खड्कँदो विषय बन्यो । राममणिको हलन्त बहिष्कारको विरोधमा शिखर नाथ सुवेदीले राममणिको उटपट्याङ प्रथा भनी असहमति जनाएका थिए । यस्तै असहमति जनाउनेहरुमा शम्भु प्रसाद ढुङ्गेल, कुलचन्द्र गौतम, वीरेन्द्र केसरी अर्ज्याल, गङ्गा प्रसाद प्रधान लगायत देखिन्छन् । समग्रमा भन्नु पर्दा सुन्दरी पत्रिका (१९६३) मा छापिने लेखहरु हलन्त बहिष्कारको धारमा थिएनन् । त्यस वेलासम्म हलन्त बहिष्कारको रडाको सुरु भएको थिएन । नेपाली भाषाको लेखन भानुभक्त, मोतीराम आदिले चलाएको हलन्त धारको लेखनमा नै हिँडेको थियो । प्रारम्भमा गोर्खापत्र (गोरखापत्र होइन) /(१९५८) पनि यसै धारमा एक दशकसम्म प्रकाशित हुँदै आएको थियो तर राणाहरु र उनीहरुको संरक्षण पाएकाहरुको रापतापको तारो हुने डरले कतिपय लेखकलाई विद्रोह गर्न नसक्दा कि कलम बन्द गर्ने बाध्यता परेको कि शासकहरुको शरणमा पर्ने बाटो रोज्नु परेको बुझ्न सकिन्छ । राममणि आदी गोरखा भाषा प्रकाशिनी समिति (२०७०, पछि नेपाली भाषा प्रकाशिनी

समिति/नेभाप्रस) का अध्यक्ष भएपछि त्यही हलन्त बहिष्कार लागु गर्नमा जोड दिनु र चन्द्रिका, मध्य चन्द्रिका आदि व्याकरणले पनि सोही बाटोलाई केही संशोधनसाथ अँगाल्ने मध्यमार्गी नीति लिँदा तत्कालीन स्वतःस्फूर्त लेखकहरुको लेखन कुण्ठित हुन गएको कुरा घटनाक्रमले समेत देखाउँछ (भट्टराई : २०३७)।

प्रथम विश्वयुद्ध (१९७१-१९७५) मा अङ्ग्रेजको सहायतार्थ विश्वका विभिन्न कुनामा युद्धमोर्चामा खटिएर युद्धको विभीषिका देखेका र ती ठाउँमा भएका विकास तथा निर्माणका गतिविधिमा पनि परिचित भएर घर फर्केका नेपालीहरुले पनि हाम्रो समाजमा सामाजिक जागरण र सुधारका जोस जाँगर भित्र्याएका हुन्। यी घटनाले पनि देशमा निरङ्कुश राणा शासकहरुलाई देखावटी भए पनि केही सुधारको बाटो अँगाल्न बाध्य पारेको देखिन्छ। नेपालमा अनुदार शासन भएकाले युद्धमा संलग्न भई फर्केका केही नेपालीहरुले भारतमा बसेर पत्र पत्रिका मार्फत देशमा जागरण ल्याउन सघाएका थिए। निरङ्कुश शासकहरु विद्रोह भड्केला भनी सुधारहरुलाई नियन्त्रण गर्न उत्तिकै सतर्क थिए। यस परिप्रेक्ष्यमा देशभित्रका लेखकहरुमा भित्रभित्रै उकुसमुकुसिएर रहेको विद्रोह र सुधारका गतिविधिलाई नियन्त्रण गर्ने क्रममा भएका मकैपर्व (१९७७) र पुस्तकालय पर्व (१९८६) जस्ता घटना लेखकहरुलाई दमन गर्न तथा उनीहरुको कलमलाई कुण्ठित पार्न खोजिएका ज्वलन्त प्रमाण हुन्। यसबाट के थाहा हुन्छ भने भाषामा आएको सहज र स्वतःस्फूर्त जागरण र एकरूपताको खोजीमा पनि त्यस वेलाका शासकहरुको प्रत्यक्ष अप्रत्यक्ष निगरानी तथा हस्तक्षेप हुने गरेको सहजै महसुस हुन्छ।

**हेमराजको गोरखा भाषा चन्द्रिका व्याकरण र दीक्षिताचार्यको गोरखा व्याकरण बोध**

गोरखा भाषा चन्द्रिका व्याकरण चार खण्ड (प्रकाश) मा प्रकाशित देखिन्छ। हेमराज पण्डित (पाण्डे) ले तत्कालीन राणा प्रधान मन्त्री श्री ३ चन्द्र शमशेरको जन्मदिन पारेर उनलाई विसं. १९६९ मा चढाएको चन्द्रिका व्याकरणमा दुई खण्ड (प्रकाश) रहेको र विसं. १९७० मा अर्को दुई खण्ड प्रकाशित भएको देखिन्छ। उक्त व्याकरणको पहिलो प्रकाशमा भाषा र व्याकरण, वर्ण र पद विचार, दोस्रोमा नाम, तेस्रोमा क्रिया, चौथोमा अव्यय, समास र द्विरुक्तिको चर्चा छ र वाक्यबारे चर्चा भएको पाँचौं प्रकाश दुईचार पृष्ठमा अपूर्ण र खण्डित देखिन्छ। भाषाको परिचयको क्रममा भाषा मौखिक र लिखित हुने, भाषा शब्दबाट बन्ने र वर्ण, पद र वाक्यलाई शब्दका भेदका रूपमा मानिएको छ। साथै वर्णबाट पद, पदबाट वाक्य बनी अर्थ बोध हुने हुँदा वाक्यबाट नै भाषा बन्ने कुरा औंल्याइएको छ। "... भाषा शुद्ध गरी कसरी बोलनू, कसरी लेखनू, कुन शुद्ध, कुन अशुद्ध हो; यो कुरा व्याकरण जान्नाले ठीक ठीक जानिने हुन्छ"। यसरी व्याकरणले शुद्ध बोल्न र लेख्न सिकाउने ठानिएको छ। संस्कृतको शब्दानुशासनको वास्तविक अभिप्राय निर्देशानात्मक थिएन। शब्दहरु वाक्यमा कसरी व्यवस्थित भएर आउँछन्, त्यसको वर्णनमा संस्कृत व्याकरण केन्द्रित थियो तर पछिल्ला व्याकरणकारहरुले यसलाई पनि निर्देशात्मक अभिप्रायबाट लिन खोजेको तथा बुझेको देखिन्छ।

वर्ण विचार अन्तर्गत देव नागरी लिपिमा प्रचलित सबै स्वर र व्यञ्जन वर्णको उल्लेख पाइन्छ। तिनमध्ये स्वरमा ऋ, लृ, लॄ को नेपाली भाषाका शब्दमा काम नपर्ने र व्यञ्जनमा क्ष, ज्ञ, त्र पनि संयुक्त अक्षर मात्र भएको उल्लेख गरिएको छ। साथै नेपालीमा एउटै वर्ण ह्रस्व र दीर्घले फरक अर्थ हुने औंल्याइएको छ : गुलियो/गुलीयो, अलिकति/अलीकति। तर पछिल्ला अध्ययनहरुले यिनको ह्रस्वता र दीर्घता अर्थ भेदक नभएको र दीर्घताले सोही अर्थमा जोड मात्र जनाउने कुरा पुष्टि गरेका छन्। चन्द्रिकामा स्वर र

व्यञ्जनको उच्चारणका सम्बन्धमा संस्कृत व्याकरणमा दिइएको उच्चारण प्रक्रियालाई जस्ताको तस्तै राखिएको छ । यस व्याकरणले संस्कृत, प्राकृत तथा अपभ्रंशको व्याकरण परम्परा अनुरूप नेपाली भाषाको उच्चार्य स्वरूपलाई आधार मानेर व्याकरण निर्माण गर्न खोजेको देखिँदैन । यसले लेख्य भाषा, त्यसमा पनि राममणिको हलन्त बहिष्कारतिर झुकाब राखी व्याकरण लेखेको खुलस्त हुन्छ ।

चन्द्रिका व्याकरणमा पद विचार अन्तर्गत पदलाई नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय गरी पाँच प्रकारमा विभाजित गरिएको छ । यस व्याकरणले नामका तिन प्रकार मानेको छ : सामान्य नाम (जाति वाचक) विशेष नाम (व्यक्ति वाचक) र भाव वाचक नाम (धर्म वाचक) ) । समुदाय र द्रव्य वाचकलाई सामान्य नाममा अन्तर्भूत ठानिएको छ। लिङ्ग, वचन र कारकलाई नामका अङ्ग मानिएको छ। सर्वनामलाई पुरुष वाचक, दर्शक, सम्बन्धी र प्रश्नार्थक र विशेषणलाई पनि विभिन्न भेद उपभेदमा चर्चा गरिएको छ । क्रियाबारे चर्चा गर्ने क्रममा अकर्मक, सकर्मक, प्रेरणार्थक तथा तिनको निर्माण प्रक्रियाका साथै करण अकरण, वाच्य, अवस्था (काल : वर्तमान, भूत, भविष्यत्, पूर्ण, अपूर्ण, अज्ञात, उद्देश; अर्थ ⁄ (भाव : विध्यर्थ, सम्भावनार्थ, सङ्केतार्थ) र तिनका रूपावलीको समेत विस्तृत चर्चा पाइन्छ । अन्त्यमा अव्यय, समास, साधित शब्द (शब्द निर्माण), सन्धि, तत्सम, तद्भव, आगन्तुक शब्दबारे पनि चर्चा छ । कतिपय ठाउँमा संस्कृत र नेपाली प्रयोगमा देखिने समानता तथा भिन्नताका सम्बन्धमा पुच्छ्रे टिप्पणी पनि दिइएको छ ।

चन्द्रिका व्याकरण निस्केपछि यसको बृहत्ता, गहनता र शासकीय दबाबले समेत पत्र पत्रिकामा यसको मानकको प्रचार भएको र फलतः लेखकहरु पनि यसको अध्ययनबाट प्रभावित हुन थालेको बुझिन्छ। नेपालमा मात्र नभई दार्जिलिङ र बनारसमा यसको जोडतोडले प्रचारका लागि पारसमणि प्रधानको सम्पादकत्वमा सोही नामको 'चन्द्रिका' पत्रिका (१९७४) निस्कन थालेकोबाट पनि स्पष्ट हुन्छ (भट्टराई, २०३७ : ९२) । यस्तै बनारसबाट छापिने 'गोर्खाली' (१९७३) मा यसको प्रशंसा छापिएको थियो ।

चन्द्रिका सँगसँगै वा त्यसपछि प्रकाशित विश्वमणि दीक्षिताचार्यको गोरखा व्याकरण बोध (सन् १९१३) प्रकाशित देखिन्छ । यो पुस्तक दुई वर्ष पहिले नै लेखेर तयार भएको तर नाना प्रकारका बाधा पर्न जाँदा प्रकाशनमा विलम्ब भएको कुरा किताबको सुरुमा दिइएको विज्ञापनमा उल्लेख गरिएको भनाइबाट स्पष्ट हुन्छ । यस व्याकरणमा पनि चन्द्रिकाले जस्तै अङ्ग्रेजी र संस्कृत परम्परागत ढाँचा अनुसार वर्ण विचार, शब्द विचारको चर्चा र सोही अनुसार वाक्यबारे केही उल्लेख पाइन्छ । समकालीन चन्द्रिका व्याकरणमा चर्चा भएका सबैजसो विषयको यसमा पनि सविस्तार चर्चा गरिएको छ । आकार र समाविष्ट विषयका दृष्टिले पनि यो चन्द्रिकाभन्दा बढी सङ्गठित र बृहत् जस्तो देखिन्छ। यो पुस्तक लेख्दा लेखनाथ पौड्यालले नेपाली बोलीको जटिल बन्धन र मर्म बुझाउन ठुलो सहायता गरेको कुरा उल्लेख छ । अझ यसमा वाक्य विचार, रचना बोध, विराम चिह्न प्रयोगका साथै अलङ्कार र छन्दलाई पनि समावेश गरिएको छ। राममणि आदीको हलन्त बहिष्कारमा आधारित भएकाले हलन्त बहिष्कारको कथित मध्यमार्गी धारको चन्द्रिका व्याकरणको बोलवाला भएपछि दीक्षिताचार्यको यस व्याकरणको उपयोग र चर्चा पनि ओझेलमा परेको बुझिन्छ ।

**सोमनाथ शर्माको मध्य चन्द्रिका**

नेपाली भाषाको मझौला व्याकरण भनिएको मध्यचन्द्रिकाको पहिलो संस्करण विसं. १९७६ मा प्रकाशित भएको हो । चन्द्रिका व्याकरण विस्तृत हुँदा शिक्षार्थीहरुका निमित्त संक्षिप्त व्याकरणको आवश्यकता

भएकाले सोही व्याकरणका आधारमा छोटकरी व्याकरण बनाइएको कुरा लेखक सोमनाथ शर्मा स्वयम्ले उल्लेख गरेका छन् । त्यसो भए पनि यसको प्रस्तुति र केही पारिभाषिक शब्दहरुमा फरकपन पनि देख्न सकिन्छ । 'व्याकरणबाट शुद्ध गरी बोल्ने, लेख्ने काइदा जानिन्छ' भनिएको छ । चन्द्रिका व्याकरणमा पनि यस्तै किसिमको प्रयोजन उल्लेख भएको छ । व्याकरणमा यस खालको प्रयोजनमुखी परिभाषा अङ्ग्रेजी परम्परागत व्याकरणमा भेटिन्छ । त्यसैले उक्त भनाइबाट पनि चन्द्रिका र मध्य चन्द्रिका स्पष्ट रूपमा निर्देशनात्मक प्रकृतिका व्याकरण भएको पुष्टि हुन्छ । साथै यसमा अङ्ग्रेजी परम्परागत व्याकरणलाई शिरोपर गरी निम्नानुसार तिन मुख्य विभाग हुने औंल्याइएको छ :

१. वर्ण विचार (Orthography)

२. पद विचार (Etymology)

३. योजना विचार (Syntax) वा (वाक्य विचार)

यसमा वर्णहरुलाई उच्चार्य वर्णका रूपमा नभई लेख्यचिह्न बिततभच का रूपमा चिनाइएको छ । स्वर र व्यञ्जन चन्द्रिका व्याकरणमा दिइए जसरी नै संस्कृत वर्णमाला अनुसार दिइएको छ र यिनको उच्चारण स्थान पनि संस्कृत अनुसार नै उल्लेख गरिएको छ । अनुस्वार र विसर्गलाई अयोगवाह भनिएको छ । अधिकांश पारिभाषिक शब्दहरुलाई कोष्ठकभित्र अङ्ग्रेजी शब्द समेत दिइएको भेटिन्छ ।

वर्ण विचारले नेपालीका उच्चार्य वर्णहरुको चिनारीमा ध्यान दिएको देखिँदैन । लेख्य वर्णको मात्र परिचयमा ध्यान दिइएको यस व्याकरणले कसरी शुद्ध बोल्न सिकाउँछ ? यस खालको प्रश्नको उत्तर चन्द्रिका, मध्यचन्द्रिका व्याकरणमा भेटिँदैन । यही स्थिति यस्तो ढाँचाको अनुसरण गरी लेखिएका पछिल्ला सबै जसो व्याकरणको देखिन्छ । यिनले पनि शुद्ध बोल्न र लेख्न सिकाउने विद्यालाई व्याकरण भन्दछन् भन्ने पूर्ववर्ती व्याकरणको परिभाषालाई पुनरुक्ति गरेको मात्र पाइन्छ । मातृभाषी वक्ता व्याकरण नसिकी आफ्नो भाषा राम्ररी बोल्न सक्षम हुन्छ भन्ने यथार्थलाई यस्ता परिभाषाले बिलकुलै बेवास्ता गरेको स्पष्ट हुन्छ ।

संस्कृतमा जस्तो रूपावली प्रधान नभए पनि नेपाली भाषाका शब्दहरुलाई पद भनिएको छ तर अङ्ग्रेजी जस्तो रूपावली प्रधान नहुने भाषाको परम्परागत व्याकरणलाई आदर्श मानेर गरिएको शब्दवर्गलाई पद नै मानी आठ वर्गमा विभाजन गरिएको छ : नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादि बोधक । यिनमध्ये नाम, सर्वनाम, विशेषण र क्रियापदलाई विकारी (रूप चल्ने) र क्रियायोगी, नामयोगी, संयोजक र विस्मयादि बोधकलाई अविकारी (रूप नचल्ने) मानिएको छ । त्यसपछि नाम, सर्वनाम, विशेषण र क्रियापदका भेद उपभेद र तिनका रूपावलीको चर्चा छ । क्रियायोगीलाई क्रिया विशेषण (राम्ररी, सरर, फरर...) र क्रियान्वयी (आज, कहाँ, अवश्य ...) दुई भेद गरिएको छ । क्रियालाई सरल, संयुक्त र मिलितमा विभाजन गरिएको छ । भेद उपभेदको वर्गीकरणमा विशेष जोड दिइएकाले यस खालको व्याकरणलाई वर्गीकरणको भारले भारित मान्न सकिन्छ । अकरण, कर्मवाच्य र भाववाच्य, प्रेरणार्थक र नामधातुको अलग्गै चर्चा छ । शब्द रचना अन्तर्गत कृदन्त, तद्धितान्त र समासको चर्चा छ । वाक्यमा परेका पदहरुको जात, किसिम, लिङ्ग, वचन आदिको बयानलाई पद व्याकरण (Parsing) भनिएको छ । वाक्य अन्तर्गत उद्देश्य र विधेयको चर्चा छ । वाक्यभित्रका पदावलीलाई वाक्यांश भनिएको पाइन्छ । वाक्यभित्र पदको मेल/(पद सङ्गति), विभक्ति नियम र पदक्रमको उल्लेख छ । वाक्य व्याकरण अन्तर्गत सरल, संयुक्त र मिश्र वाक्यको परिचय दिए पनि वाक्य विश्लेषणमा भने उद्देश्य र विधेय भाग

र तिनको विस्तार मात्र देखाइएको पाइन्छ ।

मध्य चन्द्रिकामा प्रत्येक पाठपछि अभ्यास खण्ड पनि राखिएको छ । यद्यपि यस्तो खण्ड चन्द्रिका व्याकरणमा पनि समाविष्ट छ, जसबाट यसलाई शैक्षिक व्याकरण बनाउने प्रयास भएको जस्तो देखिन्छ तापनि चन्द्रिका व्याकरण बृहत् आकारको भएकाले होला शैक्षिक रूपमा प्रचलनमा आउन नसकेको बुझिन्छ । मध्यचन्द्रिकामा चन्द्रिकाभन्दा अङ्ग्रेजी परम्परागत व्याकरणको प्रभाव अझ बढी भित्रिएको देखिन्छ । आचार्य (सन् १९८०) ले मध्यचन्द्रिकामा नेस्फिल्डको अङ्ग्रेजी व्याकरणको प्रशस्त प्रभाव परेको कुरालाई पुष्टि गर्न विशेष गरी शब्दवर्ग (Parts of Speech) र यसका भेद उपभेदका साथै परिभाषाहरुका उदाहरण उल्लेख गरी प्रकाश पारेका छन् । यस्तो हुनुमा नेपाली व्याकरण लेखनको थालनी अङ्ग्रेज विद्वान्हरुबाट सुरु भएको, नेपालमा आधुनिक शिक्षालाई अङ्ग्रेजी शिक्षाको पर्यायवाची मान्न थालिएको र तत्कालीन राणा प्रधान मन्त्री चन्द्र शमशेर प्रवेशिका परीक्षा/एसएलसी पास गर्ने पहिलो नेपाली र उनकै समयमा उच्च शिक्षाको आधुनिक ढोकाका रूपमा त्रिचन्द्र कलेज (१९७६) को स्थापना भएको, संस्कृत परम्परामा लेखिएको वीरेन्द्र केसरी अर्ज्यालको व्याकरण त्यस वेलाको राजनीतिक दाउपेच/तिगडममा परेर प्रकाशित हुनुको बदला मकैपर्वको घानमा परेर जफत भएको आदि कारणले पनि शासकको दृष्टिमा र आधुनिक शिक्षितहरुका लागि उपयुक्त देखिने अङ्ग्रेजी व्याकरणको ढाँचामा नेपाली व्याकरण प्रणयन गर्न हेमराज पाण्डे अग्रसर भएका र सोमनाथ शर्माले अझ त्यसलाई अङ्ग्रेजी ढाँचामा ल्याउने प्रयास गरेको सजिलै बुझ्न सकिन्छ । यसैको फलस्वरूप चन्द्रिकाको सेरोफेरोलाई नै मानक मानेर हिज्जेमा स्थिरता ल्याउन नेपाली भाषा प्रकाशिनी समिति/नेभाप्रसले नेपाली कसरी शुद्ध लेख्ने ?/नेकशुले ( १९९१) जारी गरेको देखिन्छ ।

**चन्द्रिका र मध्यचन्द्रिका : वीरेन्द्र केसरीको नेपाली व्याकरणका सापेक्षतामा**

राणा प्रधान मन्त्री चन्द्र शमशेर म्याट्रिकुलेसन/ एसएलसी पास गरेका पहिलो नेपाली थिए । उनको नामसँग प्रतीकात्मक रूपमा मिल्दोजुल्दो नाम 'चन्द्रिका' राखी व्याकरण लेखेर हेमराज पाण्डेले भित्री पृष्ठमा ससम्मान प्रशस्ति उल्लेख गरी उनलाई समर्पण गरेकोबाट पनि शासकलाई खुसी पार्ने अभिप्राय रहेको बुझिन्छ । 'चन्द्रिका' बृहत् आकारमा भएकाले यसकै ढाँचाको अनुसरण गरी सोमनाथ शर्माले मध्यचन्द्रिका व्याकरण लेखेको देखिन्छ । वीरेन्द्र केसरी अर्ज्यालको नेपाली व्याकरण र सोमनाथ शर्माको मध्यचन्द्रिका व्याकरणबारे जयराज आचार्यले (सन् १९८० : १०७-११२) तुलना प्रस्तुत गरेका छन् । उनका अनुसार अर्ज्यालले कथ्य भाषालाई आफ्नो व्याकरणको व्याकर्तव्य (वर्णनीय) भाषा बनाएको देखिन्छ । उनले नेपाली भाषालाई प्राकृत भनेका छन् । उनको व्याकरण पाणिनीय परम्परामा आधारित देखिन्छ । संस्कृत व्याकरण परम्परामा कथ्य भाषालाई लेख्यभन्दा फरक मानिन्न । त्यसैले पाणिनीय परम्परामा लेखिएका संस्कृत र प्राकृत व्याकरणको व्याकर्तव्य भाषामा कथ्य स्वरूपले प्राथमिकता पाएको देखिन्छ । यस्ता व्याकरण मूलतः वर्णनात्मक प्रकृतिका हुन्छन् । अर्ज्यालको व्याकरण पनि वर्णनात्मक प्रकृति भएकाले राममणि आदीको हलन्त बहिष्कारको प्रभाव नदेखिनु पनि यसको प्रमाण हो तर सोमनाथ शर्माको व्याकरणले चन्द्रिका जस्तै लेख्य भाषालाई मुख्य आधार बनाएको देखिन्छ । भाषाको लेख्य स्वरूपलाई आधार बनाएर व्याकरण लेखिने प्रचलन प्राचीन पूर्वीय परम्परामा नरहेको र यो ग्रिक, ल्याटिन, अङ्ग्रेजी हुँदै नेपालीमा भित्रिएको देखिन्छ । यस्तो व्याकरण निर्देशानात्मक (Prescriptive) प्रकृतिको हुन्छ । पाण्डे र शर्मा जस्ता

संस्कृतका प्रकाण्ड विद्वान्हरु पनि यही निर्देशानात्मक व्याकरणतिर बहकिएका देखिन्छन् । उनीहरुले शब्दवर्गलाई अङ्ग्रेजी परम्परागत व्याकरणमा रहेको (Parts of Speech) जस्ताको तस्तै अनुसरण गरेका छन् तर अर्ज्याललले संस्कृत व्याकरणको परम्परागत ढाँचा र पारिभाषिक शब्दहरुलाई नै आवश्यकता अनुसार उपयोग गरेका छन् । शब्दवर्गमा निपातको समेत उल्लेख गरेका छन् तर यसको उल्लेख चन्द्रिका, मध्य चन्द्रिकामा भेटिँदैन ।

**चन्द्रिका, मध्यचन्द्रिकाको ढाँचाका उत्तरवर्ती व्याकरणहरु**

चन्द्रिका, मध्यचन्द्रिका व्याकरणलाई मानक मानेर त्यसपछिको लामो समयसम्म नेपाली व्याकरणका पुस्तकहरु लेख्ने प्रचलन बस्यो । यिनमध्ये पारस मणि प्रधानको नेपाली सजिलो व्याकरण (१९८९) हुँदै गोपाल पाण्डेको नेपाली रचना दर्पण (१९९४) र रचना केशर (२०००) मा व्याकरणमा रचना खण्ड समेत समावेश गरिएको देखिन्छ । वस्तुतः नेपाली व्याकरणमा रचना पक्षलाई दीक्षिताचार्यको गोरखा व्याकरण बोधबाट नै समावेश गर्न प्रारम्भ गरिएको देखिन्छ । वस्तुतः नेपाली व्याकरणमा रचना पक्षलाई गोरखा व्याकरण बोधबाट नै समावेश गर्न थालिएको हो । शब्दस्रोत (तत्सम, तद्भव र आगन्तुक) र शब्द भण्डार (पर्यायवाची, विपरीतार्थक, अनेकार्थक श्रुतिसम भिन्नार्थक आदि) लाई पनि व्याकरण अन्तर्गत राखिएको छ । साथै वाक्य संश्लेषण र वाक्य विश्लेषणलाई पनि थपिएको छ । पुष्कर शमशेरको सजिलो नेपाली व्याकरण (२००१) सरल प्रस्तुतिका दृष्टिले उल्लेख्य छ । यसपछि देखिएको कृष्ण प्रसाद पराजुलीको राम्रो रचना मीठो नेपाली (२०२३) ले गोपाल पाण्डेको पदचाप अनुसरण गरेको देखिन्छ । यसमा पनि व्याकरण र रचना पक्षको समेत संयोजन गरिएको छ । त्यसपछि विष्णु गोपाल र शिव गोपाल रिसालको नेपाली भाषा र व्याकरण (२०२७) उल्लेख्य छ । पराजुली र रिसालका व्याकरणमा नेपाली भाषाको झर्रोपनप्रति झुकाब देखिन्छ । पारस मणि प्रधानको भाषा प्रवेश नेपाली व्याकरण (२०२७) मा ध्वनि विचार भनेर अलग्गै प्रकरणमा स्वर र व्यञ्जन वर्णबारे चर्चा गरिए पनि यो परम्परित लेख्य वर्णहरुकै सेरोफेरोमा नै रहेको पाइन्छ । त्यसपछि गोपाल निधि तिवारीको नेपाली भाषाको बनोट (२०३०) देखा पर्छ । उनको व्याकरणमा नेपाली भाषामा स्थानीय भेदहरुको पनि सङ्केत पाइन्छ । यसमा काठमाडौं उपत्यकाको उच्चार्य भेदलाई मानक मानिएको छ । उनले बोलिने र लेखिने नेपालीमा भिन्नता समेत औँल्याएका छन् (६८-६९, ९६-९७) । उनले शब्दहरुको उच्चारणमा अक्षर संरचना (शब्दांश) बारे पनि एकाक्षरी, द्व्यक्षरी, अनेकाक्षरीको उल्लेख गरेका छन् (९५-९६) । रोहिणी प्रसाद भट्टराईको बृहद् नेपाली व्याकरण (२०३३) मा संस्कृतानुसारी वर्णमाला र उच्चारण व्यवस्था अन्तर्गत रही वर्णहरुमा प्रयत्न, प्राणत्व, घोषत्वको पनि चर्चा गरिएको छ । भट्टराईले अ, आ, इ, उ बाहेक ए, ओको पनि अर्धमात्रा उच्चारण हुन सक्ने देखाएका छन् । यस्तो विशेषता वीरेन्द्र केसरीको व्याकरणपछि यसमा उल्लेख भएको देखिन्छ । यसमा निपातलाई समेत पदवर्ग अन्तर्गत समावेश गरिएको छ । उल्लिखितमध्ये नेपाली भाषाको बनोट, बृहद् नेपाली व्याकरण बाहेक अन्य चाहिँ पाठ्यपुस्तकीय प्रयोजनका लागि लेखिएका व्याकरण देखिन्छन् ।

**व्याकरण सम्बन्धी फरक चिन्तन**

नेपाली व्याकरणको निर्माण एटन (सन् १८२०) बाट सुरु भई टर्नबुल (१८८७) बाट केही विस्तारित हुँदै अगाडि बढे पनि प्रारम्भमा यसको निर्माणमा अपेक्षित गहनताको कमी महसुस हुनु स्वाभाविक

हो । विदेशीलाई नेपाली सिकाउने प्रयोजनले गैरमातृभाषीहरुबाट व्याकरण निर्माणको प्रयास भएको र त्यस वेला यस भाषाको गहन अध्ययनको पाटो खुल्न बाँकी नै रहेको अवस्था थियो । नेपाली भाषा जब गहन अध्ययनतिर अभिमुख हुन थाल्यो तब यसका विविध पाटा पनि उद्घाटित हुन थाले । यस सिलसिलाका केही झलक दिने खालका प्रसङ्गहरुको चर्चा यहाँ आवश्यक ठानिएको छ ।

**क. नेपाली भाषाबारे टर्नरको अध्ययन**

भाषा सम्बन्धी गहन अध्ययनको प्रारम्भ भने टर्नरबाट भएको मानिन्छ । उनले सन् १९३१ मा नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिमूलक शब्दकोश ( A Comparative and Etymological Dictionary of Nepali Language ) सम्पादन गरेका हुन् । करिब २६ हजार नेपाली शब्दको प्रविष्टि रहेको यस कोशमा आधुनिक नेपाली भाषा र भारतेली तथा भारोपेली भाषाहरुको पनि ऐतिहासिक एवम् व्युत्पत्तिमूलक जानकारी पाइन्छ । कोशको भूमिका र त्यसमा प्रविष्टि दिएका शब्द, प्रस्तुति र सूचनाहरुको अध्ययनका आधारमा भन्नु पर्दा उनले नेपाली भाषालाई आधुनिक भाषा वैज्ञानिक अध्ययनको क्षेत्रमा प्रवेश गराएको अनुभव हुन्छ । उनले शब्दकोशमा संस्कृत शब्द बाहेक नेपाली शब्दहरुलाई उच्चारण अनुसार नै शीर्ष प्रविष्टि दिएका छन् । टर्नरले नेपालीमा उच्चारण अनुसार ह्रस्व र दीर्घमा अर्थ विभेदकता नभएको, पदान्तमा अजन्त लेखिए पनि हलन्त उच्चरित हुने हुँदा बहुप्रचलित संस्कृत शब्दहरु (गित्, राज्, हात् आदि) लाई समेत उच्चारणानुसारी प्रविष्टि दिएका छन् । यिनी नेपाली भाषाको प्रकृति र प्रवृत्तिको सही पहिचान गर्ने विदेशी विद्वान्हरुमध्ये अग्रणी देखिन्छन् । यिनले नेपाली भाषाको स्वतन्त्र अस्तित्वलाई अलग पहिचानका साथ यसका विशेषता विश्वसामु चिनाउन महनीय योगदान दिएको देखिन्छ (दाहाल : २०६१) ।

**ख. शारदा पत्रिका (१९९१) का सम्पादकीयमा देखिएको उदारता**

शारदा पत्रिकामा विशेष गरी यसका विसं. १९९१-२००४ सम्मका अङ्कमा प्रकाशित सम्पादकीय अंशहरु पढ्दा त्यसमा नेपाली भाषाको लेखन, यसको संवर्धनबारे स्पष्ट एवम् उदार दृष्टिकोणको वकालत भएको देखिन्छ (रेग्मी : २०५८ : २९-३०, ६३, ९१, १३५-१३७, १४३-१४५, १४७-१५०, १५९-१६४, २८५-२८८, २९०) । विसं. १९६० देखि १९९० को तिन दशकसम्म नेपाली भाषाबारे नियन्त्रणमुखी अभियान र स्वतन्त्र लेखकहरुका बिच प्रशस्त मत भिन्नता र विवाद चलेको थियो । यसको परिणामस्वरूप नेपाली भाषा साहित्यमा मकैपर्व (१९७७) र पुस्तकालय पर्व (१९८६) जस्ता दमनकारी घटना भएका थिए । यस्ता विवाद र घटनाबाट माथि उठी शारदामा नेपाली भाषाको सरल र सहज रूपमा विकास हुनु पर्छ भन्ने अभिमत यत्रतत्र प्रकट भएको पाइन्छ । त्यसको विपरीत तत्कालीन गोभाप्रस/नेभाप्रसका साथै राममणि आदीको हलन्त बहिष्कारवादी र चन्द्रिकाको कथित मध्यमार्गी धारले निर्देश गरेको व्याकरणले भने यस भाषाको मौलिकता तथा सहजतालाई निरुत्साहित गरेको देखिन आउँछ ।

**ग. पुष्कर शमशेरको अध्ययन**

नेपाली भाषाको मौलिक प्रकृति तथा प्रवृत्तिको वर्णन गर्ने मातृभाषी विद्वान्हरुमा पुष्कर शमशेरको नाम अग्रपङ्क्तिमा आउँछ । यिनले विसं. २००८ मा नेपाली भाषामा उच्चारण नामक लेखमा नेपाली भाषाको उच्चार्य विशेषताको चर्चा गरेका छन् । यस भाषामा अव्यय र संयुक्त व्यञ्जनान्त शब्दहरु बाहेक अन्य

शब्दको पदान्तमा अजन्त उच्चारण हुँदैन । यस्तै ञ को उच्चारण यँ हुने र आधा वा हलन्त ञ् को चाहिँ न् उच्चारण हुन्छ । ण् को उच्चारण न् हुने, य को उच्चारण कतै ए हुने, ज्ञ को उच्चारण ग्यँ हुने, क्ष को उच्चारण छ्य वा क्छ्य हुने, य, र, ल सँग जोडिने कतिपय व्यञ्जनको द्वित्व उच्चारण हुने ( जस्तै; कन्या, पक्रनु, पक्वान्न = कन्न्या, पक्क्रनु, पक्क्वान आदि) जस्ता कुराको सोदाहरण चर्चा गरिएको छ । यसरी यिनले अङ्ग्रेजी-नेपाली शब्दकोश (१९९३) मा देव नागरीमा पनि अङ्ग्रेजी शब्दको उच्चारण दिन सकिने कुरा आफ्नो कोशमा प्रयोगमा ल्याएका छन् । साथै उनले 'नेपालीको माया मार्‍यौं ?' भन्ने लेखमा बोलचालको भाषा र लेख्य भाषामा धेरै फरक हुनु उचित होइन भन्ने आशय व्यक्त गर्दै यद्यपि 'जीवित भाषाको लक्षण बदलिँदै जानु हो । यही सय वर्षभित्रैमा हाम्रो भाषामा धेरै भिन्नता भयो ।' भन्ने उल्लेख गरेको पाइन्छ । उल्टो चन्द्रिका भन्ने लेखबाट उनको झुकाब ठेट नेपालीको प्रयोगमा रहेको देखिन्छ । यस क्रममा उनले संस्कृत लवजको प्रयोग गर्दा गौरव मान्ने र उर्दु लवजको बहिष्कार गर्ने भन्दै सुटुसुटु त्यसै लाई भित्र्याउनेहरुप्रति व्यङ्ग्य गरेको समेत पाइन्छ (कोइराला : ३०५-३१०) । उनका यस्ता विचार २००७ सालको परिवर्तनपछि मुखरित भएकाले यी हाम्रा लागि अझ मननीय र महत्त्वपूर्ण भएका छन् । पुष्कर शमशेरले उखान टुक्का र वाक्यांश, वाक्पद्धति इत्यादिको कोश (१९९८) पनि लेखेका थिए ।

### घ. झर्रोवाद

बनारसमा पढ्न गएका नेपाली भाषाको मौलिकपनप्रति सचेत विद्यार्थीहरुले विसं. २०१३ मा 'नौलो पाइलो' पत्रिका मार्फत अगाडि सारिएको झर्रोवादले भारतका विभिन्न विश्व विद्यालयबाट शिक्षित भएका व्यक्तिहरुको तत्कालीन नेपाली भाषा हिन्दी, उर्दुको प्रभावबाट अत्यधिक बिटुलिएको र संस्कृतका जटिल शब्द र समास बहुल शैलीले विरूप भएको देखी त्यस्तो प्रभावबाट मुक्त गराउने उद्देश्य राखेको देखिन्छ । झर्रोवादका प्रमुख व्याख्याता बालकृष्ण पोखरेलका अनुसार (पोखरेल, २०२१ : २२-२३) इन्डिया रिटर्न अङ्ग्रेजीबाज र संस्कृतवादी बाजेहरुको नेपाली भाषाले अडबाङ्गे रूप लिई स्वतन्त्र अस्तित्व नै खतरामा पर्ने स्थिति आइ पर्‍यो । त्यस स्थितिबाट जोगाई नेपाली भाषाको मौलिक पहिचान स्थापित गर्न झर्रोवादको आवश्यकता परेको हो । नेपाली भाषाको विशुद्ध स्वरूप र शैलीलाई झर्रो शब्दले चिनाइएको छ ।

समग्रमा झर्रोवादले नेपाली भाषाको निजीपनप्रति सचेतना बढाएको र त्यसको संरक्षण तथा संवर्धनमा जोड दिएको थियो । यसले स्थानीय भाषिकाहरुमा प्रचलित शब्दहरुको अधिकाधिक प्रयोग गर्न प्रोत्साहन गरेको र शब्दहरुको हिज्जेलाई उच्चारणको निकट र सरल बनाउने पक्षमा बोलेको छ । वास्तवमा झर्रोवादले शब्दस्तरको प्रयोगमा मात्र नभई यो वाक्य तथा शैलीको मौलिकता र बोधगम्यताबारे आबाज उठाएको छ । यसको मुख्य विरोध आगन्तुक शब्दको भरमार प्रयोग, संस्कृत क्लिष्ट र समस्त शब्दका साथै क्लिष्ट वाक्य गठन र शैलीप्रति देखिन्छ । झर्रोवादको अभिप्राय पनि पुष्कर शमशेरको दृष्टिकोणसँग धेरै जसो निकट रहेको देखिन्छ ।

### ङ. जनजिब्रो वाद

महानन्द सापकोटाले ध्वनिको धन्दा (२०२०), जनजिब्रो (२०२१) आदिका माध्यमबाट यस विचारको उठान गरेको देखिन्छ । उनका अनुसार भाषाका शब्द र अर्थको जनक, नियामक, निर्णायक र नियन्त्रक जनजिब्रो

हो । उनले झर्रोवादका नाममा कृत्रिमता आउनु हुँदैन भनी झर्रोवादीलाई सचेत गराएको पनि पाइन्छ (२०२०: ९६। । उनी संस्कृत शब्दको अत्यधिक विरोधप्रति पनि असहमत देखिन्छन् । सापकोटाले व्याकरण नलेखे पनि २०३२ मा प्रकाशित उनको नेपाली व्याकरणमा प्रस्तावना नामक लामो लेखमा उनले नेपाली भाषाको मौलिक रूप संस्कृत तथा प्राकृत भाषाहरुमा खोजिनु पर्नेमा जोड दिए । उनले अनेकार्थी शब्द लेखनका विषयमा यस्तो धारणा राखेको देखिन्छ :

शव र सबमा अर्थ स्पष्टताका लागि रूपभेदको आवश्यकता पर्छ तर त्यो रूपभेद फूल, फुल; बाबु, बाबू जस्तो कृत्रिम हुनु हुँदैन । (२०७४: ४९)

उनका अनुसार व्याकरण बनाउने कुरा होइन, द्रष्टाले देखाउने कुरा हो । अन्य भाषाको व्याकरण अनुवाद गरेर व्याकरण बन्दैन । उनको यो भनाइले व्याकरणबारे आधुनिक भाषा विज्ञानको अवधारणाको सम्झना गराउँछ। व्याकरण भाषाभित्र अन्तर्निहित व्यवस्था भएकाले आफ्नो भाषाको व्याकरण अर्को भाषामा खोज्ने प्रवृत्तिप्रति उनी असहमत रहेको स्पष्ट देखिन्छ । उनी अर्को ठाउँमा भन्दछन् :

व्याकरणले शब्दलाई बाँधेर होइन, खेल्न दिएर सामूहिक जनजिब्रोले चाहेको परिवर्तन आउने बाटो राखेर भाषा र शब्दको परिचालन गर्नु पर्छ (२०७४: ३६) ।

यसरी सापकोटा नेपाली भाषाको मौलिकताको संरक्षण र संवर्धनमा अग्रसर देखिन्छन् । उनको नेपाली शब्द परिचय (व्युत्पत्तिमूलक शब्दकोश २०३५) मा पनि यही कुराको हुटहुटी भेटिन्छ ।

**च. जिम्दो नेपाली भाषा**

जिम्दो नेपाली भाषा अभियानका उपस्थापक शिवराज आचार्य हुन् । उनका २०२४-२०३७ सम्म लेखिएका भाषा सम्बन्धी विभिन्न लेख तथा पुस्तकबाट यो अवधारणा मुखरित देखिन्छ । आचार्यका लेखहरु 'जिम्दो नेपालि भासा' पहिलो खण्ड (२०३०) र दोस्रो खण्ड (२०३७) मा सङ्कलित छन् । साझा प्रकाशनबाट वर्णोच्चारण शिक्षा (२०३१) प्रकाशित छ । उनका अनुसार भाषाको कथ्य र लेख्य रूपमा फरक हुनु हुँदै न । कथ्यलाई अशुद्ध भन्ने दृष्टिकोण गलत हो । लेख्यका आधारमा कथ्यलाई हिँडाउन खोज्नु भाषाको सहजता निमोठ्नु हो । लोक व्यवहार नै भाषाको सर्वोपरि हो । यसको पुष्टिका लागि उनले पाणिनि, कात्यायन, पतञ्जलि र वररुचिले कथ्य र लेख्यलाई फरक नमानेको कुरालाई उल्लेख गरेका छन् । उनी भाषाको स्थिरताको विपक्षमा देखिन्छन् । उच्चारण अनुसार लेख्दा भाषा गतिशील हुन्छ । मुद्रणको व्यवस्था नहुँदासम्म नेपाली भाषाको लेखाइको आधार बोलाइ नै रहेको कुरा उनले औँल्याएका छन् ।

आचार्यका अनुसार व्याकरणको काम प्रयोग भएका भाषाको नियम पहिल्याउने हो । प्रयोक्ताहरुले कस्तो भाषा प्रयोग गर्छन्, त्यसको खोजी गर्ने काम व्याकरणको हो । यसको काम शुद्ध बोल्न र लेख्न सिकाउने होइन, सामान्य नियम औँल्याउने मात्र हो । लौकिक प्रयोग नहेरी रूप निर्धारण तथा निर्णय गरिनु उचित हुँदैन । यसरी व्याकरणको व्याकर्तव्य भाषा मौखिक नै हो भन्ने उनको ठहर छ । त्यसैले उनी हलन्त बहिष्कारका विरोधी देखिन्छन् । हलन्त बहिष्कारले नेपाली भाषामा कृत्रिमता ल्यायो । सहज भाषालाई कृत्रिम बनाइयो । अनि त्यसलाई आधार मानेर गोरखा भाषा व्याकरण बोध, चन्द्रिका, मध्य चन्द्रिका आदि व्याकरण लेखिए । यसबाट व्याकरणमा पूर्वीय चिन्तन परम्परालाई बेवास्ता गरेको उनको गुनासो छ। उनका अनुसार अङ्ग्रेजीको दृष्टान्त दिएर नेपालीको कथ्य र लेख्यमा भिन्नता प्रोत्साहित गरिनु अनुचित

हो । उनले नेपाली भाषालाई कथ्य अनुसार लेख्दा अङ्ग्रेजी जस्तो अव्यावहारिक मानिदैन भन्ने तर्क पनि गरेका छन् । आचार्यका अनुसार हलन्त बहिष्कार, चन्द्रिका परम्परा र नेपाली भाषा प्रकाशिनी समितिका निर्णयहरु लोकसिद्ध परम्परा विरुद्ध छन् । आचार्यले भाषालाई स्तरीय र अस्तरीयको भेद गरेका छैनन् । उनका अनुसार भाषाको मानक भनेको प्रायःसम्प्रतीत खालको हुन्छ अर्थात् बोधगम्यताको हदसम्मको भेदलाई उनले एउटा भाषा मानेको देखिन्छ । नेपाली भाषालाई कथ्य अनुसार लेख्दा बोधगम्यतामा असर नपर्ने उनको तर्क छ । पूर्ववर्ती हलन्त बहिष्कार, झर्रोवाद र जनजिब्रो वादभन्दा आचार्यको सैद्धान्तिक तथा शास्त्रीय धरातल सबल रहेको छ ।

### अनिवार्य नेपाली शिक्षण निर्देशन र यसको पृष्ठभूमि

उल्लिखित पृष्ठभूमिमा नेपाली भाषाका उच्चार्य वर्णहरुको निर्धारणले ठोस रूप लिन थालेको देखिन्छ । चूडामणि बन्धुले नेपाली भाषा उत्पत्ति (२०३२) तिर नै नेपालीमा आधारभूत उच्चार्य स्वर ६ ओटा र व्यञ्जन २९ रहेको कुरा उल्लेख गरेको भेटिन्छ । यसबाट उच्च शिक्षामा नेपाली भाषाको पठन पाठनमा नयाँ मोड लिएको अनुभव हुन्छ । उक्त राष्ट्रिय अधिवेशन र त्यसपछि २०३५ मा भएका क्षेत्रीय गोष्ठीहरुबाट प्राप्त सुझावका आधारमा अनिवार्य नेपाली शिक्षण निर्देशन/अनेशिनि (२०३६) तयार गरी वितरण भयो । अनेशिनिबाट परम्परागत व्याकरणका कतिपय मान्यताका साथै शिक्षणमा पनि सुधार तथा परिमार्जनले गति लियो । नेपाली भाषाको वर्ण विन्यास सम्बन्धी अनेकतालाई व्यवस्थित गर्न यसको उच्चारण व्यवस्थाको नजिक हुने गरी तत्सम (संस्कृत) शब्द बाहेक तद्भव र आगन्तुक शब्दहरुको लेखन सम्बन्धी नियममा एकरूपता ल्याउने प्रयास भए ।

### शब्द रचना र वर्ण विन्यास : भाषा वैज्ञानिक पद्धति

मोहन राज शर्माको शब्द रचना र वर्ण विन्यास २०३१ मा प्रकाशित भए पनि पछि २०३६ मा त्यसलाई भाषा वैज्ञानिक पद्धति अनुसार परिमार्जन गरेर प्रकाशित गरियो । नेपाली व्याकरण क्षेत्रमा भाषा वैज्ञानिक अवधारणाको प्रवेश यहीँबाट भएको देखिन्छ । यसमा मुख्यतः शब्द रचना, शब्द भण्डार, सर्ग पद्धति, मूल र व्युत्पन्न शब्द, समास, द्वित्वका साथै वर्ण विन्यास (अनेशिनिबाट संशोधित २०३६) को सविस्तार चर्चा गरिएको छ । शब्दको बनोट र वर्ण विन्यासमा केन्द्रित भएकाले मुख्यतः यो व्याकरण शब्दस्तरमा सीमित रहेको देखिन्छ । रूप र कार्यका आधारमा शब्दवर्ग पहिल्याउने दृष्टिकोण यसमा पाइन्छ ।

### समसामयिक नेपाली व्याकरण र उत्तरवर्ती व्याकरणहरु

समसामयिक नेपाली व्याकरण २०४९ मा प्रकाशित भयो । यसमा भाषा वैज्ञानिक सुझको यथाशक्य प्रयोग गरिएको छ । नेपाली व्याकरणमा उच्चारण अनुसारको वर्ण व्यवस्थाको चर्चा गर्ने पहिलो व्याकरण यही हो । यसमा उच्चार्य वर्णहरुको निर्धारण गर्दै तिनको स्थान, प्रयत्न, घोषत्व, प्राणत्वका साथै अक्षर संरचना पनि देखाइएको छ । यसमा शब्दवर्ग र शब्द रूपायन (विशेषतः क्रियापदको रूपायन), वाक्यमा पद सङ्गति (लिङ्ग, वचन, पुरुष र आदर) का साथै क्रियाका काल, पक्ष, भावबारे प्रचलित ढङ्गढाँचाभन्दा भिन्न दृष्टिले सविस्तार चर्चा गरिएको छ । शब्दवर्गलाई धारणात्मक आधारमा भन्दा कार्यमूलक आधारमा

वर्गीकरण गरी प्रस्तुत गरिएको छ । अकरण, वाच्य, प्रेरणार्थक, वाक्यका घटक तथा कार्यको चर्चाका साथै आर्थी भूमिकाका आधारमा कारक, अनि विभक्तिहरुको कार्य र विभक्ति नियमहरु समेतको सविस्तार वर्णन यसमा भेटिन्छ । नेपाली भाषाका कालको विभाजनमा भूत र अभूत काल, पक्ष अन्तर्गत अभ्यस्त पक्ष, वाच्य र यसको प्रकृति र प्रयोगका सीमाबारे पनि पूर्ववर्ती व्याकरणहरुका तुलनामा अलग ढङ्गले चर्चा गरिएको छ । पक्षलाई कालको भेद नमानी क्रियाका कार्यको प्रकृति तथा अवस्थाका रूपमा औँल्याइएको छ । किनभने कालले क्रियाको बाह्य परिवेशलाई मात्र जनाउँछ भने पक्षले क्रियाको आन्तरिक प्रकृतिलाई जनाएको हुन्छ । यस व्याकरणमा सरल, मिश्रका साथै संश्लिष्ट वाक्यबारे विस्तृत अध्ययन प्रस्तुत छ । संश्लिष्ट वाक्यहरुमा आउने कृदन्तीय असमापिका उपवाक्यको र उक्ति परिवर्तनबारे अलग्गै र फरक ढङ्गले वर्णन गरिएको छ ।

परम्परागत व्याकरणले अत्यधिक जोड दिएको शब्द व्युत्पादनलाई यहाँ अन्तिम अध्यायमा राखिएको छ । वस्तुतः शब्दको आन्तरिक संरचनाको वाक्यात्मक तहसँग प्रत्यक्ष सम्बन्ध रहेको हुँदैन । वाक्यसँग रूपायन पक्षको जे जस्तो सम्बन्ध रहन्छ, त्यस्तो सम्बन्ध शब्द व्युत्पादनको होइन पनि । वाक्यसँग सङ्गति, काल, पक्ष, भाव, वाच्य, अकरण आदिको निकटता टड्कारो रूपमा प्रतिविम्बित भएको हुन्छ । यसो भए पनि शब्द व्युत्पादनका सबैजसो पक्षमा केही फरक ढङ्गले यसमा यथेष्ट चर्चा समावेश छ । यस व्याकरणमा सर्ग प्रक्रिया, समास प्रक्रिया, द्वित्व प्रक्रियाका साथै अझ अनुकरण द्वित्व शब्दहरुको बनोटको वर्णनमा पनि नवीनता भेटिने छ । सन्धि प्रक्रियालाई यसले रूपायन तथा व्युत्पादन प्रक्रियाको परिणति मानेकाले यसमा तत् तत् सन्दर्भमा सन्धि जनित प्रक्रियाका रूपमा औँल्याएको छ ।

समग्रमा समसामयिक नेपाली व्याकरणले पूर्ववर्ती व्याकरणले चर्चा गरेका विभिन्न पक्ष र थप नयाँ पक्षहरुको प्रस्तुतिमा पनि नवीनता तथा आधुनिकताको झलक दिई नेपाली व्याकरण चिन्तनमा फराकिलो फड्को मारेको देखिन्छ । व्याकरणमा वर्णनीय (व्याकर्तव्य) भाषाको आधार उच्चार्य स्वरूप हो । यो कुरा पूर्वीय पररम्परा र पश्चिमी आधुनिक चिन्तनबाट पनि प्रमाणित भएको छ । यस परिप्रेक्ष्यमा नेपाली व्याकरणलाई सिङ्गो, सग्लो र सर्वाङ्गपूर्ण व्याकरण बनाउने प्रयासको पछिल्लो कडीका रूपमा यसलाई लिन सकिन्छ । यद्यपि नेपाली व्याकरणमा हिज्जे वा वर्ण विन्यासलाई व्याकरण ठान्नेहरुलाई भने यसले खुसी बनाउन नसकेको हुन सक्छ । यसले वर्ण विन्यासलाई शब्दकोशको विषय ठानेको छ । वस्तुतः वर्ण विन्यासलाई पूर्वीय र पश्चिमी परम्परामा समेत मूल व्याकरणको अङ्ग बनेको देखिँदैन ।

विसं. २०५१ मा त्रिभुवन विश्व विद्यालयले अनिवार्य नेपाली पाठ्यक्रममा उच्चार्य वर्णहरु, तिनको स्थान, प्रयत्न, घोषत्व, प्राणत्व र अक्षर संरचनाका साथै शब्दवर्गमा कार्यमूलकता र वाक्य रचनाका कोटिहरुलाई विशेष प्राथमिकताका साथ समावेश गऱ्यो । यसपछि पाठ्य पुस्तकका रूपमा मोहन राज शर्माको शब्द रचना, वर्ण विन्यास, वाक्यतत्त्व र अभिव्यक्ति (२०५४) प्रकाशित भयो । यसमा शर्माले पहिलो पटक नेपाली उच्चारण व्यवस्था समेत समावेश गरेका हुन् । पछि यिनै पुस्तकमा उल्लिखित विषयलाई समेटी प्रज्ञा नेपाली सन्दर्भ व्याकरण (२०७१) आएको देखिन्छ । यसमा उनले व्याकरणलाई व्याकरणका रूपमा भन्दा भाषा विज्ञानका रूपमा हेर्न खोजेको प्रतीत हुन्छ । व्रतराज आचार्यको आधारभूत नेपाली व्याकरण (२०५८), टङ्क प्रसाद न्यौपानेको नेपाली मानक व्याकरण तथा कार्यमूलक लेखन (२०६२) आदिमा पनि समसामयिक नेपाली व्याकरणको टड्कारो प्रभाव देख्न सकिन्छ । पूर्ववर्ती केही व्याकरणकार कृष्ण प्रसाद पराजुलीको राम्रो रचना मीठो नेपाली (२०६१ पच्चिसौँ संस्करण) नरेन्द्र चापागाईंको नवीन नेपाली

व्याकरण (२०५३) का पछिल्ला संस्करणहरु पनि समसामयिक नेपाली व्याकरणको ढाँचाबाट प्रभावित हुन पुगेको पाइन्छ ।

माधव प्रसाद पोखरेलको वाक्य व्याकरण (२०५४) केही फरक ढङ्गले लेखिएको छ । यसमा आख्यात, नाम र अन्य पद भनी तिन ओटा प्रकरणमा विभाजित गरी चर्चा गरिएको छ । आख्यात अन्तर्गत वाच्य, प्रेरणार्थक, क्रियाको भाव, काल, संयुक्त क्रिया, कालको पक्ष, क्रियाको वर्गीकरण, अकरण प्रक्रियाको चर्चा छ भने नाम अन्तर्गत पद सङ्गति, आदरार्थी, कोटिकर, लिङ्ग, वचन, पुरुष, कारक र सर्वनामको चर्चा छ । यस्तै वाक्यमा पदको किसिम, अनुकरण शब्द, निपात र विभक्ति नियमबारे प्रकाश पारिएको छ । अन्त्यमा वाक्य संश्लेषण र वाक्य विश्लेषणको चर्चा छ । यसले आफूलाई वाक्य व्याकरण भनेकाले होला यसमा वर्ण व्यवस्था समाविष्ट छैन । पछि उनको नेपाली वर्ण व्याकरण (२०७९) नामक पुस्तक प्रकाशित देखिन्छ । नेपाली व्याकरणभित्र वाक्यको संरचनालाई अझ महत्त्वका साथ प्रकाश पार्ने काम समसामयिक नेपाली व्याकरणले बढाएको देखिन्छ । यसभन्दा पहिलेका व्याकरणहरुमा विशेषतः शब्दस्तरमा र केही अंशमा वाक्य संश्लेषण र विश्लेषणका कुरा समावेश भएको देखिन्थ्यो । पोखरेलले आफ्नो व्याकरणलाई वाक्य व्याकरण भने पनि यो व्याकरण शब्दस्तरकै सेरोफेरोका विषयमा बढी केन्द्रित रहेको जस्तो देखा पर्छ ।

**निष्कर्ष**

सन् १८२० मा एटनबाट नेपाली व्याकरण लेखनको पहिलो चरण प्रारम्भ हुँदा उनको व्याकरण परम्परागत अङ्ग्रेजी धारमा आधारित थियो । त्यसको झन्डै एक शताब्दीपछि विसं. १९६० तिर मात्र यस क्षेत्रमा नेपाली मातृभाषी व्याकरणकारहरु अग्रसर भएका देखिन्छन् । यस दोस्रो चरणको उठान वीरेन्द्र केसरी अर्ज्यालले गरेका थिए । उनको नेपाली व्याकरण संस्कृत, प्राकृत परम्परागत धारमा आधारित थियो । तेस्रो मिश्रित धार (अङ्ग्रेजी र संस्कृत परम्परागत ढाँचामा आधारित) मा गोरखा व्याकरण बोध, चन्द्रिका, मध्य चन्द्रिका व्याकरण देखिए । विशेष गरेर यस धारमा लेखिएका नेपाली व्याकरणहरुको पठन पाठन ६ दशकभन्दा बढी समय प्रभावशाली रहेको पाइन्छ । यद्यपि चन्द्रिका, मध्य चन्द्रिकाको मिश्रित धारभन्दा परम्परागत नेपाली धारको व्याकरण वीरेन्द्र केसरीबाट सुरु भए पनि तत्कालीन सामाजिक राजनीतिक परिवेशको अनुकूल नहुँदा र शासन सत्ताको आडमा चन्द्रिका धार प्रखर भएर देखियो । यसमा संस्कृत, प्राकृत व्याकरणको कथ्य भाषालाई महत्त्व दिने परम्परित चिन्तन गौण हुन गयो । यद्यपि टर्नरको शब्दकोश (सन् १९३१), शारदा (१९९१) का सम्पादकीय र पुष्कर शमशेर (१९९३ र त्यसपछि) को भाषिक चिन्तनको धार नेपालीको प्राकृत तथा लोकभाषाको पक्षमा भए पनि सैद्धान्तिक अवधारणाको स्पष्टता र पर्याप्त बहसको अवसर नहुँदा यो धार मुखर हुन पाएन । तर उल्लिखित घटनाहरुले विसं. १९६० को दशकबाट बहसमा रहेको धार राजनीतिक नियन्त्रणले कम मुखर भए पनि यसमा निरन्तरता रहेको बुझ्न सकिन्छ । विसं. २००७ को राजनीतिक परिवर्तनपछि भने नेपाली भाषाबारे पुष्कर शमशेरका अवधारणा (२००८), झर्रोवाद (२०१३), जनजिब्रो वाद, जिम्दो नेपाली भाषा सम्बन्धी अवधारणाहरु देखा पर्न थाले । पछिल्ला चरणमा त्रिवि.मा भाषा विज्ञानको अध्ययन अध्यापनमा समेत वर्णनात्मक भाषा विज्ञानको प्रभाव तथा तत्सबन्धी कृति प्रकाशनले पनि यसको सैद्धान्तिक धरातल निर्माण गर्न सघाएको देखिन्छ । साथै त्रिवि. अनिवार्य नेपालीका शिक्षकहरुको राष्ट्रिय तथा क्षेत्रीय गोष्ठी र अनिवार्य नेपाली शिक्षण निर्देशन (२०३६) को प्रकाशनपछि

वर्णनात्मक अवधारणाले नेपाली व्याकरणलाई प्रोत्साहन मिल्यो । फलस्वरूप शब्द रचना र वर्ण विन्यास (२०३६) यसको आधुनिक नेपाली व्याकरणको प्रस्थान विन्दु हुँदै समसामयिक नेपाली व्याकरण (२०४९) यसको विस्तारित फाँटमा सिङ्गो स्वरूपमा देखियो । यस कुरालाई ढुङ्गेल (२०६६) र आचार्य (२०७५) ले स्पष्ट रूपमा उद्घाटित गरेका छन् । लेख्य भाषामा आधारित भएर व्याकरण लेखिनु न पूर्वीय परम्परा हो न आधुनिक भाषा वैज्ञानिक परम्परा हो । नेपाली व्याकरणको तेस्रो धारमा देखिएको चन्द्रिका, मध्य चन्द्रिकामा पश्चिमी परम्परामा ग्रिक रोमनमा प्रचलित अङ्ग्रेजी व्याकरणको परम्परा भित्रिएको देखिन्छ । यसरी लेख्य भाषाका आधारमा व्याकरणलाई हेरिँदा नेपाली भाषामा कथ्य र लेख्यका बिच अनावश्यक दुरी बढाएको देखिन्छ । पछिल्ला व्याकरणहरुले यस दुरीलाई कम गर्न सघाएका छन् ।

**सन्दर्भ ग्रन्थ सूची**


अधिकारी, हेमाङ्ग राज (२०४९), समसामयिक नेपाली व्याकरण, काठमाडौँ : कुञ्जल प्रकाशन

अनिवार्य नेपाली शिक्षण निर्देशन (२०३६ लिथो,मुद्रण २०३९), काठमाडौँ : त्रिवि. पाठ्यक्रम विकास केन्द्र

आचार्य, जयराज (सन् १९८०), ट्र्याडिसनल ग्रामरर्स : इङ्लिस यान्ड नेपाली, काठमाडौँ : लेखक

(२०७४), भाषा विज्ञानको सैद्धान्तिक विमर्श, काठमाडौँ : मकालु प्रकाशन गृह

आचार्य, व्रतराज (२०५८), आधारभूत नेपाली व्याकरण तथा रचना, काठमाडौँ : साझा प्रकाशन

आचार्य, शर्वराज (२०७४), नेपाली व्याकरणको विकास क्रमिक अनुशीलन, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान

आचार्य, शिवराज (२०३०, दोस्रो खण्ड २०३७), जिम्दो नेपालि भासा, काठमाडौँ : लेखक स्वयम्

कोइराला, जीवन चन्द्र (संम्पा. २०५८), पुष्कर शमशेर स्मृतिग्रन्थ, काठमाडौँ : कुलचन्द्र स्मृति प्रतिष्ठान

खरेल, प्रेरणा (२०५८), वीरेन्द्र केसरी अर्ज्यालका व्याकरणको परिचय, काठमाडौँ : लक्ष्मण खराल

चापागाईं, नरेन्द्र (नवौँ संस्करण २०५४), नेपाली नवीन व्याकरण तथा रचना, विराट नगर : श्याम पुस्तक भण्डार

टर्नर, आर. एल. (सन् १९३१), अ कम्प्यारेटिभ यान्ड इटिमलोजिकल डिक्सनरी अफ नेपाली ल्याङ्ग्वेज, नयाँ दिल्ली : एलाइड पब्लिसर्स लिमिटेड साङ्ग्रिला प्रकाशन

ढुङ्गाना, रामचन्द्र (२०२९), नेपाली भाषाको माध्यम, नेपाली अङ्क ५२, काठमाडौँ : मदन पुरस्कार गुठी

ढुङ्गेल, भोजराज (२०६६), नेपाली व्याकरणको काल विभाजन, सम्प्रेषण अङ्क ६, काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग

तिवारी, गोपाल निधि (२०३०), नेपाली भाषाको बनोट, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

दाहाल, बल्लभ मणि (सन् १९७४), अ डिस्क्रिप्सन अफ नेपाली लिटररी यान्ड कोलोक्वियल, अप्रकाशित पिएच.डी. शोध प्रबन्ध : पुना विश्व विद्यालय

...................... (२०६१), बल्लभमणि दाहालका भाषिक चिन्तन, (सम्पा. भट्टराई, गोविन्द राज र लुइटेल, खगेन्द्र प्रसाद काठमाडौँ : रत्न पुस्तक भण्डार

दीक्षिताचार्य, विश्वमणि (सन् १९१३), गोरखा व्याकरण बोध, कलकत्ता : लेखक स्वयम्

नेस्फिल्ड, जे.सी (२०७४), इङ्लिस ग्रामर सिरिज बुक IV, कलकत्ता :म्याकमिलन कम्पनी

न्यौपाने, टङ्क प्रसाद (२०६२), नेपाली मानक व्याकरण तथा कार्यमूलक लेखन, विराट नगर : श्याम

पुस्तक भण्डार
पण्डित, हेमराज (१९६९-७०, पुनर्मुद्रण), चन्द्रिका : गोरखा भाषा व्याकरण, काठमाडौँ : साझा प्रकाशन
पराजुली, कृष्ण प्रसाद (२०२३), राम्रो रचना मीठो नेपाली, काठमाडौँ : सहयोगी प्रेस
पाण्डे, गोपाल (सातौँ संस्करण २०३१), रचना केशर, काठमाडौँ : साझा प्रकाशन
पिसल, आर. (सन् १९००) प्राकृत भाषाओँ व्याकरण, (अनु.) जोशी, हेमचन्द्र (विसं.२०१५), पटना : विहार भाषा परिषद्
पोखरेल, बालकृष्ण (तेस्रो संस्करण २०३२), नेपाली भाषा र साहित्य, काठमाडौँ : रत्न पुस्तक भण्डार
पोखरेल, माधव प्रसाद (२०५४), नेपाली वाक्य व्याकरण, काठमाडौँ : एकता बुक्स
प्रधान, पारस मणि (२०२७), भाषा प्रवेश नेपाली व्याकरण, कालिम्पोङ : महालक्ष्मी प्रकाशन
बन्धु, चूडामणि (२०३६, तेस्रो संस्करण), नेपाली भाषाको उत्पत्ति, काठमाडौँ : साझा प्रकाशन
............. ( सम्पा. २०६०), नेपाली साहित्यको इतिहास (प्रथम खण्ड), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान
भट्टराई, रोहिणी प्रसाद (२०३३), बृहद् नेपाली व्याकरण, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
भट्टराई, शरच्चन्द्र (२०३७), नेपाली साहित्यको इतिहास : माध्यमिक काल, काठमाडौँ : त्रिवि. पाठ्यक्रम विकास केन्द्र
रिसाल, विष्णु गोपाल र शिव गोपाल (२०२७), नेपाली भाषा र व्याकरण, काठमाडौँ : साझा प्रकाशन
रेग्मी, शिव (२०५८, सं.), शारदाका सम्पादकीय विचारहरु, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
शर्मा, मोहन राज (२०३६), शब्दरचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति, काठमाडौँ : त्रिवि. पाठ्यक्रम विकास केन्द्र
......................... (२०५४), शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरु, काठमाडौँ : नवीन प्रकाशन
शर्मा, सुकुम (२०५६), नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण, काठमाडौँ : वाङ्मय प्रकाशन
शर्मा, सोमनाथ (१९७६, सोऱ्हौँ संस्करण २०४०), मध्यचन्द्रिका, काठमाडौँ : साझा प्रकाशन
शास्त्री, नेमिचन्द्र (सन् १९८८) प्राकृत भाषा और साहित्यका आलोचनात्मक इतिहास, वाराणसी : तारा बुक एजेन्सी
श्रेष्ठ, दयाराम; शर्मा, मोहन राज (२०४० दोस्रो संस्करण), नेपाली साहित्यको इतिहास, काठमाडौँ : साझा प्रकाशन
सापकोटा, महानन्द, (२०७४), 'नेपाली व्याकरणमा प्रस्तावना' साठी वर्षका भाषिक चर्चा, (सम्पा. अधिकारी, हेमाङ्ग राज र अन्य) काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान
सिंह, जयपृथ्वी बहादुर (१९६९, पुनः प्रकाशन २०५६), प्राकृत व्याकरण, काठमाडौँ : मानवता वाद र जयपृथ्वी उद्यान